# ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको बाढीबाट भएको मानवीय, भौतिक तथा सामाजिक क्षतिको एकीकृत प्रारम्भिक प्रतिवेदन


बागमती प्रदेश सरकार

**आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय**

हेटौंडा, मकवानपुर

नेपाल



२०८३ असोज २२

मितिः २०८३ असोज २२ गते

माननीय मुख्यमन्त्री एवम्
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रीज्यू,
बागमती प्रदेश सरकार।

**विषयः बाढीबाट भएको क्षतिको एकीकृत प्रारम्भिक प्रतिवेदन पेस गरिएको।**

ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीमा मिति २०८३ असोज १० गते आएको बाढीबाट भएको मानवीय, भौतिक तथा सामाजिक क्षति, त्यसपश्चात् भएका प्रतिकार्य र पुनर्स्थापनाका आवश्यकतासम्बन्धी विवरण समेटिएको **एकीकृत प्रारम्भिक प्रतिवेदन** यसैसाथ पेस गरेको छु।

यस मन्त्रालयबाट उपलब्ध गराइएको साझा ढाँचामा सम्बन्धित मन्त्रालय तथा निकायबाट प्राप्त विषयक्षेत्रगत विवरणलाई एकीकृत गरी प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनमा क्षति तथा सेवा अवरोधको अवस्था, खोज तथा उद्धार, उपचार, राहत र सेवा पुनः सञ्चालनका कार्यका साथै प्रमुख सिकाइ, आगामी कार्यका प्राथमिकता र प्रस्तावित कार्ययोजना समावेश गरिएको छ।

केही विषयक्षेत्रको विवरण सङ्कलन, तथ्याङ्क मिलान तथा आर्थिक क्षतिको विस्तृत मूल्याङ्कन पूरा हुन बाँकी रहेकाले प्रतिवेदनलाई उपलब्ध सूचनामा आधारित प्रारम्भिक विवरणका रूपमा प्रस्तुत गरिएको छ। सम्बन्धित निकायबाट थप तथा प्रमाणित विवरण प्राप्त हुँदै जाँदा यसलाई अद्यावधिक गरिनेछ।

प्रभावित नागरिकको सुरक्षा, आधारभूत सेवाको निरन्तरता, जीविकोपार्जन पुनर्स्थापना तथा क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि प्रतिवेदनमा उल्लिखित प्राथमिकता र प्रस्तावित कार्ययोजनाका सम्बन्धमा आवश्यक निर्देशनका लागि अनुरोध गर्दछु।

महेश भट्टराई
प्रदेश सचिव
एवम्
प्रतिवेदन तयारी संयोजक

# कार्यकारी सारांश

ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको बाढीबाट बागमती प्रदेशका रसुवा, नुवाकोट र धादिङ जिल्लामा व्यापक मानवीय, भौतिक तथा सामाजिक क्षति भएको तथा चितवनका केही क्षेत्रमा समेत प्रभाव परेको छ। नागरिकको मृत्यु, बेपत्ता, घाइते तथा विस्थापनका साथै आवास, सार्वजनिक पूर्वाधार, उत्पादन र सेवा क्षेत्रमा पुगेको क्षतिले प्रभावित समुदायको दैनिक जीवन र जीविकोपार्जनमा गम्भीर असर पारेको छ। आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायबाट प्राप्त विषयक्षेत्रगत विवरण एकीकृत गरी क्षति, प्रतिकार्य र पुनर्स्थापनाका आवश्यकताको अवस्था यस प्रतिवेदनमा प्रस्तुत गरेको छ।

प्राप्त विवरणअनुसार १३,७९५ व्यक्तिको उद्धार गरिएको छ। करिब २,३०० परिवार विस्थापित भएका छन् भने २,३०० निजी आवास पूर्ण रूपमा क्षतिग्रस्त वा बगेको र २६९ आवासमा आंशिक क्षति भएको उल्लेख छ। विस्थापन र आवासको क्षतिसम्बन्धी केही विवरण अनुमानित रहेकाले स्थानीय तहसँग मिलान गरी परिवारगत अभिलेख अद्यावधिक गर्न आवश्यक छ। सुरक्षित आश्रय, आधारभूत सेवा र स्थायी बसोबासको व्यवस्था प्रभावित परिवारको प्रमुख आवश्यकता रहेको छ।

भौतिक पूर्वाधारतर्फ ३४ मोटरेबल पुल पूर्ण रूपमा बगेका वा भत्किएका, एउटा आंशिक रूपमा क्षतिग्रस्त र ५१ झोलुङ्गे पुल बगेका वा क्षतिग्रस्त भएको विवरण प्राप्त भएको छ। खानेपानीका ५५ आयोजना वा इनटेक र ४४ सिँचाइ कुलोमा क्षति पुगेको छ। खानेपानी अवरुद्ध हुँदा ९६५ घरधुरी प्रभावित भएका छन् भने सिँचाइ संरचनाको क्षतिबाट ५९० हेक्टर कृषि क्षेत्रमा असर परेको छ। सडक तथा पुलको क्षतिले आवागमन, उद्धार, सामग्री आपूर्ति र सेवा पहुँचमा कठिनाइ उत्पन्न गरेको छ।

शिक्षा क्षेत्रमा १२ विद्यालय पूर्ण रूपमा र १८ विद्यालय आंशिक रूपमा क्षतिग्रस्त भएको तथा ९,२४८ विद्यार्थीको पठनपाठनमा अवरोध पुगेको विवरण छ। स्वास्थ्य संस्था, खोप केन्द्र, स्वास्थ्य शाखा, औषधि भण्डारण तथा निजी स्वास्थ्य सेवामा समेत क्षति पुगेको छ। बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बाबुआमा गुमाएका बालबालिकाका लागि संरक्षण, स्वास्थ्य सेवा, पठनपाठन र मनोसामाजिक सहयोगको आवश्यकता रहेको छ।

उत्पादन तथा जीविकोपार्जनतर्फ करिब ९७३ हेक्टर कृषि भूमि प्रभावित भएको र करिब ४७१ हेक्टरमा लगाइएको बाली नष्ट भएको विवरण प्राप्त भएको छ। पशुधन, कुखुरा तथा अन्य पन्छी र कृषि तथा पशुपालन संरचनामा पनि क्षति पुगेको छ। उद्योग तथा वाणिज्य क्षेत्रमा ३०० घरेलु तथा साना उद्योग, ६७ व्यापारिक पसल वा प्रतिष्ठान र ३० गोदाम वा स्टोरमा क्षति भएको तथा १,७०० श्रमिक वा कर्मचारीको रोजगारी प्रभावित भएको उल्लेख छ। पर्यटन, सांस्कृतिक सम्पदा, खेलकुद, यातायात, वन तथा भू-संरक्षण, सञ्चार र बैङ्क तथा सहकारी क्षेत्रमा पनि क्षति तथा सेवा अवरोध भएको छ।

बाढीपश्चात् सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा सहयोगी संस्थाहरूबाट खोज तथा उद्धार, उपचार, राहत वितरण, अस्थायी आश्रय र अत्यावश्यक सेवा पुनः सञ्चालनका कार्य भएका छन्। स्वास्थ्यकर्मी परिचालन, औषधि तथा स्वास्थ्य सामग्री आपूर्ति, रोग निगरानी, मनोसामाजिक परामर्श, सडक मर्मत र वैकल्पिक आवागमनका व्यवस्था अघि बढाइएका छन्। सञ्चार क्षेत्रको

विवरणअनुसार क्षतिग्रस्त भनिएका १९८ टावरमध्ये १९३ टावर पुनः सञ्चालनमा आएका छन्। तथापि, अस्थायी सेवाको निरन्तरता र स्थायी पुनर्स्थापनाका आवश्यकता कायम छन्।

यो प्रतिवेदन उपलब्ध विवरणमा आधारित एकीकृत प्रारम्भिक प्रतिवेदन हो। विषयक्षेत्रअनुसार विवरणको मिति, भौगोलिक सीमा, पूर्णता र प्रमाणीकरणको अवस्था फरक छन्। केही मानवीय तथ्याङ्कको मिलान र आर्थिक क्षतिको विस्तृत मूल्याङ्कन पूरा हुन बाँकी छ। एउटै व्यक्ति वा संरचनाको विवरण एकभन्दा बढी खण्डमा समावेश हुन सक्ने भएकाले विषयक्षेत्रगत सङ्ख्या तथा रकम सोझै जोडेर समग्र कुल निकालिएको छैन। प्रभावित कर्जाको रकमलाई प्रत्यक्ष भौतिक क्षतिबाट अलग बुझ्नुपर्नेछ।

अबको प्राथमिकता प्रभावित नागरिकको सुरक्षा र आधारभूत सेवाको निरन्तरता सुनिश्चित गर्दै सुरक्षित पुनर्स्थापना र जीविकोपार्जन पुनः सञ्चालन गर्नु हो। यसका लागि मानवीय तथा परिवारगत विवरणको मिलान, क्षतिग्रस्त संरचनाको प्राविधिक परीक्षण र विस्तृत लागत अनुमान, जोखिमयुक्त बस्तीको परीक्षण तथा सेवा पुनः सञ्चालनको कार्यतालिका तयार गर्न आवश्यक छ। प्रतिवेदनमा प्रस्तावित कार्ययोजनालाई सम्बन्धित निकायसँगको समन्वय र स्रोत उपलब्धताका आधारमा अन्तिम गरी जिम्मेवारी, बजेट, समयसीमा र अनुगमनको व्यवस्था स्पष्ट गर्नुपर्नेछ। तीनै तहका सरकार तथा सहयोगी निकायको समन्वयबाट तत्काल राहत, सेवा पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणलाई क्रमबद्ध रूपमा अघि बढाउनु आवश्यक छ।

# विषयसूची

**परिच्छेद १ : परिचय ....................................................................................................१**

१.१. पृष्ठभूमि ............................................................................................................ १

१.२. प्रतिवेदनको उद्देश्य ............................................................................................... १

१.३. प्रतिवेदन तयार गर्दा अवलम्बन गरिएको प्रक्रिया ........................................................... २

१.४. प्रतिवेदनको दायरा.................................................................................................. २

१.५. प्रतिवेदनको आधार तथा सीमितता.............................................................................. २

**परिच्छेद २ : विषयक्षेत्रगत क्षति तथा प्रतिकार्यको विवरण .................................................३**

२.१. मानवीय क्षति, खोज तथा उद्धार र विस्थापनको विवरण .................................................. ३

२.२. स्वास्थ्य उपचार सम्बन्धी विवरण ............................................................................... ४

२.३. शिक्षा क्षेत्रको क्षति तथा पठनपाठनमा परेको प्रभाव ........................................................ ८

२.४. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी क्षतिको विवरण.१०

२.५. खेलकुद पूर्वाधारको क्षतिको विवरण ...........................................................................११

२.६. पर्यटन क्षेत्रको क्षतिको विवरण .................................................................................१४

२.७. सांस्कृतिक सम्पदा तथा धार्मिक स्थलमा पुगेको क्षतिको विवरण ......................................१५

२.८. उद्योग तथा वाणिज्य क्षेत्रको क्षतिको विवरण.................................................................१६

२.९. सडक, पुल तथा भौतिक पूर्वाधारको क्षतिको विवरण ......................................................१७

२.१०. खानेपानी, सिँचाइ तथा ऊर्जा क्षेत्रको क्षतिको विवरण ..................................................१९

२.११. कृषि तथा पशुपन्छी क्षेत्रको क्षतिको विवरण................................................................ २०

२.१२. सार्वजनिक तथा निजी सवारी साधनमा पुगेको क्षतिको विवरण......................................... २१

२.१३. वन, वातावरण तथा भू-संरक्षण क्षेत्रको क्षतिको विवरण.................................................. २३

२.१४. सञ्चार तथा सूचना प्रविधि क्षेत्रको क्षतिको विवरण ....................................................... २५

२.१५. बैङ्क, वित्तीय संस्था तथा सहकारी क्षेत्रको क्षतिको विवरण............................................. २७

**परिच्छेद ३: निष्कर्ष, सिकाइ तथा आगामी कार्ययोजना ........................................................ २८**

३.१. प्रमुख निष्कर्ष......................................................................................................... २८

३.२. प्रतिवेदन तथा प्रतिकार्यबाट प्राप्त मुख्य सिकाइ ............................................................. २८

३.३. आगामी कार्यका प्राथमिकता..................................................................................... २९

३.४. प्रस्तावित कार्ययोजना.............................................................................................. ३०

३.५. स्रोत परिचालन तथा अनुगमन.................................................................................... ३१

३.६. निष्कर्ष.................................................................................................................. ३१

**अनुसूची : प्रतिवेदन तयारीमा संलग्न पदाधिकारी तथा कर्मचारीहरू ........................................ ३२**

# परिच्छेद १ : परिचय

## १.१. पृष्ठभूमि

ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीमा मिति २०८३ भाद्र १० गते आएको बाढीबाट बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लामा मानवीय, भौतिक तथा सामाजिक क्षति पुगेको छ। बाढीका कारण नागरिकको मृत्यु, बेपत्ता तथा घाइते हुनुका साथै परिवारहरू विस्थापित भएका छन् । निजी आवास, सरकारी भवन, स्वास्थ्य संस्था, विद्यालय, सडक, पुल, खानेपानी तथा सिँचाइ संरचना, सञ्चार प्रणाली, कृषि भूमि, पशुधन, उद्योग, व्यापारिक प्रतिष्ठान र अन्य सार्वजनिक तथा निजी सम्पत्तिमा समेत क्षति पुगेको छ। यसबाट प्रभावित नागरिकको दैनिक जीवन, सार्वजनिक सेवा प्रवाह, पठनपाठन, आवागमन, उत्पादन, रोजगारी तथा जीविकोपार्जनमा असर परेको छ।

बाढीपश्चात् सम्बन्धित सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा सहयोगी संस्थाहरूबाट खोज तथा उद्धार, उपचार, राहत वितरण, अस्थायी आश्रय व्यवस्थापन र अत्यावश्यक सेवा पुनः सञ्चालनका कार्यहरू भएका छन्। तथापि, क्षतिको प्रकृति र परिमाण विषयक्षेत्र तथा स्थानअनुसार फरक रहेको र केही विवरण सङ्कलन तथा मूल्याङ्कनको क्रममा रहेकाले उपलब्ध तथ्याङ्कलाई व्यवस्थित रूपमा एकीकृत गरिएको छ।

प्रदेश सरकारको विपद् व्यवस्थापनसम्बन्धी समन्वय गर्ने मन्त्रालयका रूपमा आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायबाट विषयक्षेत्रगत विवरण प्राप्त गरी यो प्रतिवेदन तयार गरेको हो। विवरणमा एकरूपता कायम गर्न मन्त्रालयबाट साझा ढाँचा उपलब्ध गराइएको थियो। सोही ढाँचामा प्राप्त तथ्याङ्क तथा विवरणलाई यस प्रतिवेदनमा समावेश गरिएको छ।

## १.२. प्रतिवेदनको उद्देश्य

यस प्रतिवेदनको मुख्य उद्देश्य बाढीबाट भएको मानवीय, भौतिक तथा सामाजिक क्षति र त्यसपश्चात् भएका प्रतिकार्यको विवरण एकीकृत गरी राहत, पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी निर्णयका लागि आधार उपलब्ध गराउनु हो। यसका विशिष्ट उद्देश्य देहायबमोजिम छन्:

- मृत्यु, बेपत्ता, घाइते, उद्धार तथा विस्थापनसम्बन्धी उपलब्ध विवरण एकीकृत गर्नु।
- सार्वजनिक तथा निजी सम्पत्ति, पूर्वाधार, उत्पादन र सेवा क्षेत्रमा पुगेको क्षति तथा अवरोधको विषयक्षेत्रगत अवस्था प्रस्तुत गर्नु।
- बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमा परेको प्रभाव तथा संरक्षण र सहयोगको आवश्यकता पहिचान गर्नु।
- खोज तथा उद्धार, उपचार, राहत, अस्थायी आश्रय र अत्यावश्यक सेवा पुनः सञ्चालनका लागि भएका कार्यको विवरण प्रस्तुत गर्नु।
- राहत, सेवा पुनः सञ्चालन, जीविकोपार्जन पुनर्स्थापना तथा पूर्वाधार पुनर्निर्माणका प्राथमिकता निर्धारण गर्न आवश्यक सूचना उपलब्ध गराउनु।

## १.३. प्रतिवेदन तयार गर्दा अवलम्बन गरिएको प्रक्रिया

- सम्बन्धित मन्त्रालय तथा निकायलाई नियमित विवरण पेस गर्न मिति २०८३/०५/१७ मा पत्राचार गरिएको थियो।
- मिति २०८३ भाद्र २४ गते बसेको विपद् फोकल पर्सनहरूको बैठकले तथ्याङ्क सङ्कलनको ढाँचाबमोजिम प्रत्येक मन्त्रालयले विवरण पेस गर्ने निर्णय भएको थियो।
- सम्बन्धित मन्त्रालय तथा निकायले पहिलो प्रतिवेदनका रूपमा सोही मितिमा प्रारम्भिक विवरण पेस गरेका थिए।
- मन्त्रालयका कर्मचारीहरूले प्राप्त विवरण एकीकृत गरेका थिए।
- पुनः मिति २०८३/०६/१२ गते मन्त्रालयहरूलाई सो अवधिसम्मको अद्यावधिक विवरण पेस गर्न अनुरोध गरिएको थियो।
- अनुरोधबमोजिम प्राप्त विवरणलाई एकीकृत गरिएको थियो।
- प्राप्त विवरणका आधारमा प्रस्तुत एकीकृत प्रारम्भिक प्रतिवेदन तयार गरिएको हो।

## १.४. प्रतिवेदनको दायरा

यस प्रतिवेदनमा सम्बन्धित मन्त्रालय तथा निकायबाट प्राप्त विवरणका आधारमा मानवीय क्षति, उद्धार तथा विस्थापन, स्वास्थ्य, शिक्षा, सामाजिक संरक्षण, खेलकुद, पर्यटन, सांस्कृतिक सम्पदा, उद्योग तथा वाणिज्य, सडक तथा पुल, खानेपानी, सिँचाइ तथा ऊर्जा, कृषि तथा पशुपन्छी, सवारी साधन, वन तथा भू-संरक्षण, सञ्चार तथा सूचना प्रविधि र बैङ्क, वित्तीय संस्था तथा सहकारी क्षेत्रको अवस्था समेटिएको छ।

क्षति भएका स्थानका साथै प्रभावित नागरिकलाई अन्य स्थानमा उपलब्ध गराइएको उपचार, अस्थायी आश्रय तथा सहयोगको विवरणसमेत समावेश गरिएको छ। प्रत्येक विषयक्षेत्रको भौगोलिक सीमा, तथ्याङ्कको स्रोत र अद्यावधिक मिति सम्बन्धित खण्डमा उल्लेख गरिएको छ।

## १.५. प्रतिवेदनको आधार तथा सीमितता

यो प्रतिवेदन सम्बन्धित मन्त्रालय, कार्यालय तथा निकायबाट उपलब्ध गराइएका विवरणमा आधारित छ। विषयक्षेत्रअनुसार तथ्याङ्कको अद्यावधिक मिति, विवरणको पूर्णता र प्रमाणीकरणको अवस्था फरक रहेकाले यसलाई उपलब्ध सूचनामा आधारित प्रतिवेदनका रूपमा लिनुपर्नेछ। मानवीय क्षति, प्रभावित जनसङ्ख्या र संरचनाका विवरण एकभन्दा बढी विषयक्षेत्रमा समावेश हुन सक्ने भएकाले तिनलाई सोझै जोडेर समग्र सङ्ख्या निकाल्न मिल्दैन।

# परिच्छेद २ : विषयक्षेत्रगत क्षति तथा प्रतिकार्यको विवरण

## २.१. मानवीय क्षति, खोज तथा उद्धार र विस्थापनको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, मकवानपुर, हेटौंडा |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट, धादिङ, चितवन |
| **विवरणको स्रोत (कार्यालय/शाखा)** | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र |
| **जिम्मेवार सम्पर्क अधिकारी** | श्री विकास अधिकारी |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | मृत्यु भएका व्यक्तिको सङ्ख्या | जना | १४५५ | NDRRMA Report |
| २ | बेपत्ता भएका व्यक्तिको सङ्ख्या | जना | ५२८५ | NDRRMA Report |
| ३ | घाइते/चोटपटक लागेका व्यक्ति सङ्ख्या | जना | ३४४ | १९ वटा अस्पताबाट उपचार प्राप्त |

### ग. उद्धार तथा राहत विवरण

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">सूचक / विवरण</th><th>एकाइ</th><th>परिमाण</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td colspan="2">हालसम्म उद्धार गरिएका व्यक्ति सङ्ख्या</td><td>जना</td><td>१३७९५</td><td>NDRRMA Report</td></tr>
<tr><td>२</td><td colspan="2">खोजी तथा उद्धार कार्यमा खटिएको जनशक्ति (प्रहरी/सेना/स्वयंसेवक)</td><td>जना</td><td>२०४७७</td><td>NDRRMA Report</td></tr>
<tr><td>३</td><td colspan="2">प्रयोग भएका उद्धार साधन (हेलिकप्टर/डुङ्गा/मेसिन) सङ्ख्या</td><td>वटा डुङ्गा<br>वटा हेली</td><td>११<br>३४</td><td>DEOC report</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">विस्थापित परिवार सङ्ख्या</td><td>आन्तरिक विस्थापित</td><td>परिवार</td><td>२३००</td><td>अनुमानित</td></tr>
<tr><td>बाह्य विस्थापित</td><td>परिवार</td><td>विवरण प्राप्त नभएको</td><td></td></tr>
</table>

### घ. अस्थायी आश्रय तथा भवनको क्षतिको विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | अस्थायी राहत शिविर/क्याम्पमा रहेका व्यक्ति सङ्ख्या | जना | १०८५ | NDRRMA Report |
| २ | क्षतिग्रस्त सरकारी भवन/कार्यालय सङ्ख्या | वटा | ४४ | |
| ३ | पूर्ण रूपमा क्षतिग्रस्त/ बगेका निजी आवास घर सङ्ख्या | घर | २३०० | अनुमानित |
| ४ | आंशिक रूपमा क्षतिग्रस्त निजी आवास घर सङ्ख्या | घर | २६९ | |

## २.२. स्वास्थ्य उपचार सम्बन्धी विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार (प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र, हेटौंडा) |
| **प्रभावित जिल्ला / स्थानीय तह** | **१२ वटा स्थानीय तह विपद् सङ्कटग्रस्त क्षेत्र घोषित**<br>रसुवा (उत्तरगया, गोसाईकुण्ड, कालिका र आमाछोदिङमो गाउँपालिका), नुवाकोट (विदुर र बेलकोटगढी नगरपालिका, तारकेश्वर र किस्पाङ गाउँपालिका), धादिङ (बेनिघाट रोराङ, गजुरी, गल्छी र सिद्धलेख गाउँपालिका) |
| **तथ्याङ्क स्रोत** | जनस्वास्थ्य कार्यालयहरू (रसुवा, नुवाकोट, धादिङ, चितवन) प्रादेशिक अस्पतालहरू (रसुवा, त्रिशूली, धादिङ); आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरू-नुवाकोट, रसुवा; प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र; स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य निर्देशनालय, हेटौंडा |
| **जिम्मेवार सम्पर्क अधिकारी** | दिनेश रुपाखेती, प्रमुख, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र, हेटौंडा सम्पर्क नं.: ९८५५०२६८३६ |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | उपचाररत घाइते सङ्ख्या (हाल भर्ना रहेका) | जना | ११ | हाल सङ्घीय, प्रादेशिक र स्थानीय, गरी कुल १९ वटा अस्पतालमा |
| २ | गम्भीर घाइते | जना | ० | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | (आई.सी.यू./भेन्टिलेटरमा) | | | |
| ३ | उपचार गरी डिस्चार्ज भएका सङ्ख्या | जना | २९७ | सङ्घीय र प्रादेशिक गरी कुल १९ अस्पतालको बिबरण |
| ४ | अन्य अस्पताल रेफर गरिएका सङ्ख्या | जना | ३२ | राष्ट्रिय ट्रमा सेन्टर ,TUTH लगायतमा |
| ५ | उपचारका क्रममा मृत्यु भएका सङ्ख्या | जना | ४ | सङ्घ र प्रदेश अस्पताल |
| ६ | पूर्ण रूपमा क्षतिग्रस्त स्वास्थ्य संस्था (अस्पताल/स्वास्थ्य चौकी) सङ्ख्या | वटा | ६ | टिमुरे स्वा.चौ., स्याप्रुबेशी स्वा.चौ., मैलुङ्ग सा.स्वा.इ., रसुवागढी हेल्थ डेस्क र दुईवटा खोप केन्द्र नुवाकोट , |
| ७ | पूर्ण रूपमा क्षतिग्रस्त निजी स्वास्थ्य संस्था/औषधि पसल | वटा | ७ | नुवाकोट जिल्लामा |
| ८ | आंशिक रूपमा क्षतिग्रस्त स्वास्थ्य संस्था सङ्ख्या | वटा | ४ | पोषण पुनर्स्थापना केन्द्र,चरौदी आ.स्वा.के., बैरेनी अस्पताल, बैरेनी आयुर्वेद औषधालय |
| ९ | पूर्ण रूपमा क्षतिग्रस्त स्वास्थ्य शाखा/स्टोर सङ्ख्या | वटा | २ | गोसाईकुण्ड र उत्तरगया स्वास्थ्य शाखा तथा स्टोर |
| १० | क्षतिग्रस्त औषधि/ उपकरण/ एम्बुलेन्स सङ्ख्या | वटा | - | विवरण सङ्कलन हुँदै |
| ११ | अस्थायी स्वास्थ्य शिविर/मेडिकल क्याम्प | वटा | २३ (होल्डिङ सेन्टर) | रसुवा ६, नुवाकोट १०, धादिङ ४, काठमाडौं ३ |

## ग. अन्य सान्दर्भिक विवरण

### १. स्वास्थ्य संस्थागत उपचार विवरण (सङ्घ, प्रदेश र स्थानीय तहका अस्पतालमा)

| स्वास्थ्य संस्थाको नाम | जम्मा | उपचाररत | रिफर | डिस्चार्ज | अस्पतालमा भएका मृत्युहरू |
|---|---|---|---|---|---|
| रसुवा अस्पताल गोसाईकुण्ड, धुन्चे | ८१ | ० | २७ | ५३ | १ |
| त्रिशूली अस्पताल नुवाकोट | १८ | ० | १ | १६ | १ |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोट | २० | ० | १ | २० | ० |
| राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध | ५१ | ३ | १ | ४६ | १ |

| स्वास्थ्य संस्थाको नाम | जम्मा | उपचाररत | रिफर | डिस्चार्ज | अस्पतालमा भएका मृत्युहरू |
|---|---|---|---|---|---|
| श्री वीरेन्द्र अस्पताल, छाउनी | ४ | १ | | ३ | ० |
| त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल | ८३ | ७ | १ | ७४ | १ |
| राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल | २७ | ० | १ | २६ | ० |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | ३ | ० | ० | ३ | ० |
| परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली | २४ | ० | ० | २४ | ० |
| नेपाल एपीएफ अस्पताल, बलम्बु | ८ | ० | ० | ८ | ० |
| मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भु | ३ | ० | ० | ३ | ० |
| नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली | ३ | ० | ० | ३ | ० |
| शुभम इन्टरनेशनल अस्पताल, मनमैजु | ३ | ० | ० | ३ | ० |
| ग्रिनसिटी अस्पताल, टोखा | ४ | ० | १ | ३ | ० |
| ह्याम्स अस्पताल, धुम्बाराही | १ | ० | ० | १ | ० |
| चिरायु राष्ट्रिय अस्पताल | ४ | २ | ० | ४ | ० |
| ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल | ३ | ० | ० | ३ | ० |
| बी एण्ड बी अस्पताल, ग्वार्को | ३ | ० | ० | ३ | ० |
| आदमघाट अस्पताल | १ | ० | ० | १ | ० |
| **जम्मा** | **३४४** | **११** | **३२** | **२९७** | **४** |

*स्रोतः  प्रादेशिक अस्पताल, आयुर्वेद चिकित्सालय, HEOC*

## २. होल्डिङ सेन्टरबाट प्रदान गरिएको स्वास्थ्य सेवाको सारांश

| जिल्ला | होल्डिङ सेन्टर सङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|
| रसुवा | ६ | २०७ जना |
| नुवाकोट | १० | ६३७ जना |
| धादिङ | ४ | ३९० जना |

| जिल्ला | होल्डिङ सेन्टर सङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|
| काठमाडौं | ३ | ५३१ जना |
| **जम्मा** | **२३ वटा** | **१७६५ जना** |

### ३. सम्पर्कविहीन (बेपत्ता) स्वास्थ्यकर्मीहरूको विवरण

| क.सं. | नाम | लिङ्ग | स्वास्थ्य संस्था / कार्यालय |
|---|---|---|---|
| १ | खम्बु बोहरा | पुरुष | हे.अ., स्याफ्रुबेंसी स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |
| २ | सरिता मल्ल | महिला | अ.न.मी., टिमुरे स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |
| ३ | सुस्मिता पाण्डे | महिला | अ.हे.व., टिमुरे स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |
| ४ | कर्मा हिस्सी घले | महिला | अ.हे.व., टिमुरे स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |
| ५ | विजय कुमार घले | पुरुष | अ.हे.व., दाहालफेदी सामुदायिक स्वास्थ्य इकाई, गोसाईकुण्ड गा.पा., रसुवा |
| ६ | गोविन्द यादव | पुरुष | हे.अ., रसुवागढी हेल्थ डेस्क, गोसाईकुण्ड गा.पा., रसुवा |
| ७ | बलराम न्यौपाने | पुरुष | ज.स्वा.नि., उत्तरगया गाउँपालिका स्वास्थ्य शाखा, रसुवा |
| ८ | प्रदीप न्यौपाने | पुरुष | ज.स्वा.अ., उत्तरगया गाउँपालिका स्वास्थ्य शाखा, रसुवा |
| ९ | ललिता देवी कुमाई | महिला | स्टाफ नर्स, रसुवागढी हेल्थ डेस्क |
| १० | ममता श्रेष्ठ | महिला | विद्यालय नर्स (श्री निलकण्ठ मा.वि.), उत्तरगया, रसुवा |
| ११ | दिनिषा शाही | महिला | अ.न.मी., मैलुङ्ग सामुदायिक स्वास्थ्य इकाई |
| १२ | प्रेरणा तामाङ | महिला | स्टाफ नर्स, त्रिशूली अस्पताल, नुवाकोट |

### ४. सम्पर्कविहीन (बेपत्ता) मनोसामाजिक परामर्शकर्ता

| क.सं. | नाम | लिङ्ग | स्वास्थ्य संस्था / कार्यालय |
|---|---|---|---|
| १ | कोपिला के.सी. | महिला | गोसाईकुण्ड गा.पा., रसुवा |

### ५. सम्पर्कविहीन (बेपत्ता) महिला स्वास्थ्य स्वयंसेविकाहरूको विवरण

| क.सं. | नाम | पद | स्वास्थ्य संस्था / कार्यालय |
|---|---|---|---|
| १ | पेमा छेन्जुम घले | महिला स्वास्थ्य स्वयंसेविका | टिमुरे स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |
| २ | कर ग्याल्मु नगरकोटी | महिला स्वास्थ्य स्वयंसेविका | टिमुरे स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा., रसुवा |

| क्र.सं. | नाम | पद | स्वास्थ्य संस्था / कार्यालय |
|---|---|---|---|
| ३ | छिरिङ्ग तामाङ | महिला स्वास्थ्य स्वयंसेविका | थुमन स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा.-१, रसुवा |
| ४ | कार्मु तामाङ | महिला स्वास्थ्य स्वयंसेविका | ब्रिद्दिम स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा.-३, रसुवा |
| ५ | पेमा ल्हामु तामाङ | महिला स्वास्थ्य स्वयंसेविका | स्याप्रुबेशी स्वास्थ्य चौकी, गोसाईकुण्ड गा.पा.-५, रसुवा |
| ६ | गंगा माया तामाङ | महिला स्वास्थ्य स्वयंसेविका | मैलुङ्ग सा.स्वा.इ., उत्तरगया गा.पा.-५, रसुवा |
| ७ | जुनकिरी घले | महिला स्वास्थ्य स्वयंसेविका | लहरेपौवा स्वास्थ्य चौकी, उत्तरगया गा.पा.-४, रसुवा |
| ८ | गोमा देवी डंगोल | महिला स्वास्थ्य स्वयंसेविका | सहरी स्वास्थ्य केन्द्र १०-बिदुर न.पा. नुवाकोट |

## २.३. शिक्षा क्षेत्रको क्षति तथा पठनपाठनमा परेको प्रभाव

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट, धादिङ |
| **तथ्याङ्क स्रोत** | शिक्षा विकास समन्वय इकाइ, स्थानीय तह, सामाजिक विकास कार्यालय गजुरी धादिङ र द्रुत सर्वेक्षण टोलिको प्रतिवेदन |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः उपेन्द्र राई पदः शाखा अधिकृत<br>सम्पर्क नम्बरः ९८६२८४४७२७ इमेलः raiupendra३६९@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्ण रूपमा क्षतिग्रस्त/बगेका विद्यालय सङ्ख्या | वटा | १२ | ४०११२०० | • सामुदायिक विद्यालय ८ वटा, संस्थागत विद्यालय ३, धार्मिक विद्यालय १ |
| क | पूर्ण रूपमा | वटा | ३५ | | • सामुदायिक र संस्थागत |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | क्षतिग्रस्त/बगेका विद्यालय भवन सङ्ख्या | | | | विद्यालयहरूमा क्षति भएका कक्षाकोठा समावेश गरिएको<br>• पूर्ण क्षति भएका विद्यालयहरूको भवन सङ्ख्या |
| ख | कक्षाकोठा | वटा | ३१७ | | • प्रारम्भिक<br>• सामुदायिक, संस्थागत विद्यालयहरूको विवरण |
| २ | आंशिक रूपमा क्षतिग्रस्त विद्यालय सङ्ख्या | वटा | १८ | ९७५००० | • नुवाकोट जिल्लाको मात्र क्षतिको अनुमानित रकम प्राप्त भएको, धादिङ र रसुवाको बाँकी रहेको<br>• सामुदायिक विद्यालय १२ वटा, संस्थागत ३ वटा, धार्मिक १ वटा, आंगिक शिक्षालय १ वटा र १ सामुदायिक सिकाइ केन्द्र<br>• विद्यालयहरूको भवन सङ्ख्या यकिन गर्न बाँकी रहेको |
| ३ | पठनपाठन बन्द भएका विद्यालय सङ्ख्या | वटा | १२ | ० | • पूर्ण क्षति भएका विद्यालयहरू बाहेक अन्य विद्यालयहरू कक्षा सुचारु हुन थालेको |
| ४ | पठनपाठनमा अवरोध पुगेका विद्यार्थी सङ्ख्या | जना | ९२४८ | ० | • द्रुत सर्वेक्षणका प्रतिवेदनको आधारमा |
| ५ | बेपत्ता विद्यार्थी सङ्ख्या | जना | ५३६ | ० | • ५ जना विद्यार्थीहरू मृत्यु भएको |
| ६ | बेपत्ता शिक्षक सङ्ख्या | जना | २४ | ० | • २ जना शिक्षकको मृत्यु भएको |
| ७ | बाबुआमा गुमाएका बालबालिका | जना | १०२ | ० | • प्रारम्भिक<br>• बाबुआमाविहीन |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| ८ | अस्थायी कक्षा सञ्चालन गर्न आवश्यक भएका विद्यालय सङ्ख्या | वटा | २ | ० | धादिङ जिल्लामा २ वटा विद्यालयहरूका लागि ९ वटा TLC आवश्यक रहेको र रसुवा र नुवाकोट जिल्लामा यकिन हुन बाँकी रहेको |

**ग. अन्य सान्दर्भिक विवरण:**

- परीक्षा/शैक्षिक क्यालेन्डरमा पर्ने असर - २१ दिन
- विपद् प्रतिकार्य सम्बन्धमा भएका अन्य कार्यहरू
    - सङ्घीय सरकारको नेतृत्वमा प्रदेशको सहभागितामा द्रुत सर्वेक्षण (Rapid Survey) को कार्य तीन जिल्लामा भएको
    - विस्तारित शिक्षा तालिम एकाई विदुर १ नुवाकोट र त्रिभुवन त्रिशूली क्याम्पस नुवाकोटको पूर्ण क्षति भएको।

## २.४. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट र धादिङ |
| **तथ्याङ्क स्रोत** | स्थानीय तह र सामाजिक विकास कार्यालय गजुरी धादिङ र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः उपेन्द्र राई पदः शाखा अधिकृत<br>सम्पर्क नम्बरः ९८६२८४४७२७ इमेलः raiupendra३६९@gmail.com |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | हताहत/घाइते बालबालिकाको सङ्ख्या | जना | २८० | प्रारम्भिक |
| २ | हताहत/घाइते गर्भवती र सुत्केरी | जना | २ | प्रारम्भिक |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | महिला सङ्ख्या | | | |
| ३ | हताहत/घाइते ज्येष्ठ नागरिकको सङ्ख्या | जना | १५ | प्रारम्भिक |
| ४ | हताहत/घाइते अपाङ्गता भएका व्यक्तिहरू | जना | ८३ | प्रारम्भिक |
| ५ | बेपत्ता वा सम्पर्कविहीन अपाङ्गता भएका व्यक्तिहरू | जना | १२ | प्रारम्भिक |
| ६ | मृत्यु भएका अपाङ्ग व्यक्तिहरू | जना | ६ | प्रारम्भिक |
| ७ | पूर्ण क्षति भएका ज्येष्ठ नागरिक आश्रम | वटा | १ | प्रारम्भिक |

**ग. अन्य सान्दर्भिक विवरणः**

- मनोपरामर्श आवश्यक पर्ने होल्डिङ सेन्टर — ३८
- होल्डिङ सेन्टरमा रहेका बालबालिकाको सङ्ख्या — २४६
- होल्डिङ सेन्टरमा रहेका ज्येष्ठ नागरिकको सङ्ख्या — १६९

## २.५. खेलकुद पूर्वाधारको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय (**युवा तथा खेलकुद तर्फ**) |
| **प्रभावित जिल्ला** | धादिङ, नुवाकोट, रसुवा |
| **तथ्याङ्क स्रोत** | सामाजिक विकास कार्यालय, धादिङ र प्रदेश खेलकुद विकास परिषद् |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः देवराज कपाडी पदः शिक्षा अधिकृत<br>सम्पर्क नम्बरः ९८४३४६४५५५<br>इमेलःdevrajkapadi०७@gmail.com |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कभर्ड हल निर्माण (गलौदी), गजुरी ५, धादिङ | वटा | १ | २,१६,०० | कभर्ड हल पूर्ण रूपमा खोलाले बगाएको |
| २ | वेत्रावती व्याडमिन्टन कभर्ड हल, विदुर १०, नुवाकोट | वटा | १ | ७०,०० | |
| ३ | कभर्डहल/फुटबल मैदान, गजुरी ५, धादिङ | वटा | ० | | |
| ४ | गलौदी खेलमैदान, गजुरी ५, धादिङ | वटा | १ | ८५,०० | पूर्ण रूपमा क्षति भएको, खोलाले बगाएको |
| ५ | बर्खेघाट खेलमैदान स्तरोन्नति, सिद्धलेक ७, धादिङ | वटा | १ | ३५,०० | पूर्ण क्षति |
| ६ | चरौदी खेलमैदान निर्माण, बेनिघाट रोराङ -०७, विशालटार, धादिङ | वटा | १ | २५,०० | खेलमैदान पूर्ण रूपमा खोलाले बगाएको र हाल बालुवाले पुरिएको अवस्थामा रहेको |
| ७ | छाडेश्वर खेलमैदान गल्छी, ८, धादिङ | वटा | १ | ३३,६० | खेलमैदान बालुवाले पुरिएको, रिटेनिङ वालमा क्षति पुगेको |
| ८ | फुटबल मैदान, गजुरी १, धादिङ | वटा | १ | ८०,०० | खेलमैदानमा खोला बगिरहेको |
| ९ | फुटबल मैदान, गजुरी ८, धादिङ | वटा | १ | | पक्कीवाल बगाएको र ग्राउण्डमा बालुवाको लेदोले ५ फिट जति पुरेको । |
| १० | शिमचौर करातेको लागि ट्रष्ट भवन निर्माण, विदुर ४, नुवाकोट | वटा | १ | १५०० | पूर्ण क्षति |
| ११ | गेर्खुटार शुभघाट भलिबल खेलमैदान निर्माण, विदुर १०, नुवाकोट | वटा | १ | २५,०० | पूर्ण रूपमा क्षति भएको, खोलाले बगाएको |
| १२ | भैसें खेलकुद ग्राउण्ड, विदुर १०, नुवाकोट | वटा | १ | १५,०० | पूर्ण रूपमा क्षति भएको |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १३ | देवीघाट फुटबल ग्राउण्ड, विदुर ५, नुवाकोट | वटा | १ | १५,०० | यकिन हुन बाँकी |
| १४ | सिचाइको वरिपरिको खेलमैदान, विदुर ६, नुवाकोट | वटा | १ | ८५,०० | पूर्ण रूपमा क्षति भएको |
| १५ | त्रिभुवन त्रिशूली खेलमैदान, विदुर १, नुवाकोट | वटा | १ | १,००,०० | यकिन हुन बाँकी |
| १६ | जरुवा चौर खेलमैदान, वेलकोटगढी ७, नुवाकोट | वटा | १ | ४५,०० | पूर्ण रूपमा क्षति भएको |
| १७ | वेत्रावती गोरुजुधाइ मैदान, विदुर १०, नुवाकोट | वटा | १ | ९०० | आंशिक क्षति भएको, खोला सामान्य पसेको |
| १८ | महादेवफाँट खुल्ला व्यायमशाला, वेलकोटगढी ७, नुवाकोट | वटा | १ | ७०० | पूर्ण क्षति भएको |
| २९ | वेत्रावती जुडो हल, विदुर, नुवाकोट | वटा | १ | | यकिन हुन बाँकी |
| २० | स्याप्रुवेसी खेलमैदान, गोसाईकुण्ड ५, रसुवा | वटा | १ | २०,०० | पूर्ण क्षति |

**ग. अन्य सान्दर्भिक विवरणः**

- क्षति भएका खेलकुद पूर्वाधार पुनर्स्थापनाका लागि लाग्ने अनुमानित समय ३ वर्ष
- क्षति भएका खेलकुद पूर्वाधारमा पूर्ण क्षति भएका - २१ र आंशिक क्षति भएका – १

## २.६. पर्यटन क्षेत्रको क्षतिको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा र नुवाकोट |
| **तथ्याङ्क स्रोत** | पर्यटन विभाग<br>पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौं (साबिक) |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः यज्ञ राज अधिकारी पदः शाखा अधिकृत<br>सम्पर्क नम्बरः ९८४६७२९०३३ इमेलः yagya०२३@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | हालसम्म जम्मा | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेपत्ता/मृत्यु भएका पर्यटक सङ्ख्या (आन्तरिक) | जना | १८८ | ० | २०८३/०६/०८ गते सम्मको पर्यटन विभागको विवरण । |
| २ | बेपत्ता/मृत्यु भएका पर्यटक सङ्ख्या (विदेशी) | जना | ६७१ | ० | २०८३/०६/०८ गते सम्मको पर्यटन विभागको विवरण । |
| ३ | बेपत्ता/मृत्यु भएका ट्रेकिङ गाइड, पोर्टर, मजदुर सङ्ख्या | जना | ० | ० | विवरण प्राप्त भईनसकेको |
| ४ | क्षतिग्रस्त होटल र रेष्टुरेन्ट सङ्ख्या | वटा | १९९ | क्षतिको विवरण नरहेको | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विवरण (२०८३/०५/१७ सम्मको विवरण) |
| ५ | क्षतिग्रस्त ट्रेकिङ रुट | वटा/किमी | १ | १००० | प्रदेश सरकारले निर्माण गरेको मात्र |

| क्र.सं. | सूचक / विवरण | एकाइ | हालसम्म जम्मा | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| ६ | क्षतिग्रस्त पर्यटकीय स्थल/पार्क सङ्ख्या | वटा | २ | २९०० | प्रदेश सरकारले निर्माण गरेको मात्र |
| ७ | उद्धार गरिएको पर्यटकको सङ्ख्या | जना | ३११ | ० | २०८३/०५/२४ गते सम्मको पर्यटन विभागको विवरण । |

## २.७. सांस्कृतिक सम्पदा तथा धार्मिक स्थलमा पुगेको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट र धादिङ |
| **तथ्याङ्क स्रोत** | पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौं (साबिक) |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः यज्ञ राज अधिकारी पदः शाखा अधिकृत<br>सम्पर्क नम्बरः ९८४६७२९०३३ इमेलः yagya०२३@gmail.com |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षतिग्रस्त गुम्बा/ मठ/ मन्दिर | वटा | ६ | ४५५०० | प्रदेश सरकारद्वारा निर्माण गरिएको मात्र |
| २ | क्षतिग्रस्त सूचिकृत पुरातात्विक/ऐतिहासिक सम्पदा | वटा | ० | ० | विवरण नरहेको |
| ३ | नष्ट/क्षतिग्रस्त धार्मिक मूर्ति/अभिलेख/पाण्डुलिपि | वटा | ० | ० | विवरण नरहेको |
| ४ | क्षतिग्रस्त परम्परागत सार्वजनिक संरचना (पाटी/पौवा/चौतारा/धारा) | वटा | ० | ० | विवरण नरहेको |
| ५ | तत्काल प्रभावित परम्परागत जात्रा/सांस्कृतिक कार्यक्रम | वटा | ० | ० | विवरण नरहेको |

## २.८. उद्योग तथा वाणिज्य क्षेत्रको क्षतिको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय (उद्योग तथा वाणिज्य क्षेत्र) |
| **प्रभावित जिल्ला / स्थानीय तह** | धादिङ (सिद्धलेक, बेनिघाट रोराङ, गजुरी र गल्छी गा.पा.), नुवाकोट (विदुर न.पा.), रसुवा (गोसाईकुण्ड, उत्तरगया, आमाछोदिङमो गा.पा.) |
| **तथ्याङ्क स्रोत** | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय (धादिङ, नुवाकोट र रसुवा) |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः नवराज थापा पदः वरिष्ठ वन अधिकृत<br>सम्पर्क नम्बरः ९८६८३१२४५६ इमेलः iof२nawaraj@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | | एकाइ | परिमाण | अनुमानित क्षति (रु.हजार) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्ण रूपमा क्षतिग्रस्त/ बगेका | घरेलु तथा साना उद्योग सङ्ख्या | वटा | ३०० | २७१५१०० | |
| | | मझौला तथा ठूला उद्योग सङ्ख्या | | ० | ० | |
| २ | आंशिक रूपमा क्षतिग्रस्त | घरेलु तथा साना उद्योग सङ्ख्या | वटा | ० | ० | |
| | | मझौला तथा ठूला उद्योग सङ्ख्या | वटा | ० | ० | |
| ३ | क्षतिग्रस्त व्यापारिक पसल/प्रतिष्ठान सङ्ख्या | | वटा | ६७ | २५६०५० | |
| ४ | क्षतिग्रस्त गोदाम/स्टोर सङ्ख्या | | वटा | ३० | ० | |
| ५ | नष्ट भएको कच्चा पदार्थ/तयारी मालसामानको अनुमानित परिमाण | | मे.टन./ अनुमान | ० | ० | |
| ६ | उत्पादन/कारोबार पूर्ण ठप्प भएका उद्योग/प्रतिष्ठान सङ्ख्या | | वटा | ० | ० | |
| ७ | प्रभावित रोजगारी (श्रमिक/कर्मचारी) सङ्ख्या | | जना | १७०० | ० | |
| ८ | क्षतिग्रस्त औद्योगिक क्षेत्र/औद्योगिक | | वटा | ० | ० | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.हजार) | कैफियत |
|---|---|---|---|---|---|
| | ग्रामको नाम र क्षेत्रफल | | | | |

## २.९. सडक, पुल तथा भौतिक पूर्वाधारको क्षतिको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट, धादिङ, चितवन |
| **तथ्याङ्क स्रोत** | पूर्वाधार विकास कार्यालय रसुवा, नुवाकोट, धादिङ, चितवन, शहरी विकास कार्यालय, काठमाडौं । |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः रामचन्द्र गौतम, पदः इन्जिनियर, सम्पर्क नम्बरः ९८४६८८४३२२ इमेलः rcgautam५३@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षतिग्रस्त कालोपत्रे सडक लम्बाइ | किमी | ३.५ | १६०००० | प्रदेश राजमार्ग अन्तर्गत |
| २ | क्षतिग्रस्त ग्राभेल/कच्ची सडक लम्बाइ | किमी | ० | ० | |
| ३ | पूर्ण रूपमा बगेका/भत्किएका मोटरेबल पुल सङ्ख्या | वटा | ३४ | ४८९३००० | |
| ४ | आंशिक रूपमा क्षतिग्रस्त मोटरेबल पुल सङ्ख्या | वटा | १ | ४००० | |
| ५ | बगेका/क्षतिग्रस्त झोलुङ्गे पुल सङ्ख्या | वटा | ५१ | ३०३७३६ | |
| ६ | अवरुद्ध भई यातायात ठप्प भएका सडक खण्ड सङ्ख्या | स्थान | १ | १५०००० | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| ७ | क्षतिग्रस्त सरकारी भवन/संरचना (गैर-शैक्षिक/गैर-स्वास्थ्य) | वटा | १४ | ३३०००० | १० पूर्ण क्षति र ४ आंशिक क्षति |

**ग. अन्य सान्दर्भिक विवरणः**

**→ अवरुद्ध सडक खण्डको नाम/किलोमिटर सङ्ख्या र वैकल्पिक मार्गको उपलब्धता तथा दूरी।**

| सडकको नाम (कोड सहित), खण्ड | क्षति लम्बाइ | अवस्था (सञ्चालन/अवरुद्ध) | वैकल्पिक मार्ग | कैफियत |
|---|---|---|---|---|
| त्रिशुली (कोलोनी)-सोले-मनकामना-काहुले-भाल्चे-साल्मे-किम्ताङ-दाङसिङ सडक | ३ किमी | अवरुद्ध | नभएको | अनुमानित क्षति रकम १५ करोड, क्षति लम्बाइ ३ किमी |

→ **पूर्वाधार विकास कार्यालय, नुवाकोटबाट भएका कार्यहरू**

**क. सडकहरूको मर्मत कार्य**

- छहरे-चौघाडा पुल-बाहुनबेसी-नर्जामन्डप छाप-लच्याङ-सरमथली-पारच्याङ-जिरोकिलो,
- चोगते कुवापानी बेत्रावती सडक,
- विदुर चोगते बोरेभन्ज्याङ लच्याङ सरमथली पारच्याङ जिरोकिलो,
- चोगते उपल्लो गर्खुटार केराघारी मा वि सडक,
- कलियानी देखि नलगाउ निरन्जना सडक,
- हर्रे देखि कलियानी सडक,
- तादीपुल देखि नलगाउ हुदै बागखोर सडक,
- बागखोर देखि झ्याङली सडक,

**ख. तुइन तथा जीपलाईनः**

- तुइन — ५ वटा (ईन्द्रायनीघाटमा ३, देविघाटमा १, सिमचौरमा १)
- जीपलाईन — २ (ईन्द्रायनीघाटमा)

**ग. होल्डिङ सेन्टरहरूमा मर्मतः** चन्द्रज्योति होल्डिङ सेन्टर र ईन्द्रायनी आधारभूत विद्यालय होल्डिङ सेन्टरमा हिलो भएकोले गिट्टी राख्ने कार्य भएको।

**घ. अन्यः** २ वटा झो.पु. निर्माण डिजाइन हुँदै (सिमचौर झो.पु, तिरतिरे भिर झो.पु)

→ **पूर्वाधार विकास कार्यालय, रसुवाबाट भएका कार्यहरूः**

**क. सडकहरूको मर्मत कार्यः** छहरे-चौघडा पुल-बाहुनबेसी-नर्जामण्डप छाप-लच्याङ-सरमथली-पाच्यार्ङ-जिरोकिलो-धुन्चे सडक) पार्च्याङ-घिचेत-पाटीखर्क खण्ड(मा मर्मत कार्य।

**ख. तुइन निर्माण**

- चिलिमे, रसुवा भोटेकोशी नदीमा तुइन सञ्चालन भइरहेको।
- हाकुबेशीमा तुइन सञ्चालनको तयारीमा रहेको।

→ **पूर्वाधार विकास कार्यालय, धादिङबाट भएका कार्यहरूः**

**क. सडकहरूको मर्मत कार्यः**

- गल्छी -कल्लेरीटार -फोसिटर -कोशिखोला -लस्करे -भोर्ली -सुनौलाबजार -धादिङबेंसी सडकमा मर्मत कार्य।
- धादिङबेसी-स्याउले-बोदरथोक सडकमा मर्मत कार्य।

## २.१०. खानेपानी, सिँचाइ तथा ऊर्जा क्षेत्रको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, बागमती प्रदेश |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट, धादिङ र चितवन |
| **तथ्याङ्क स्रोत** | जलस्रोत तथा सिँचाइ विकास डिभिजनः रसुवा, नुवाकोट, धादिङ, चितवन<br>खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयः नुवाकोट, धादिङ |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः विजय श्रेष्ठ, पदः इन्जिनियर, सम्पर्क नम्बरः९८४१९६८५२६<br>इमेलःshrestha.bijay०१४@gmail.com |

**ख. क्षतिको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षतिग्रस्त खानेपानी आयोजना/इनटेक सङ्ख्या | वटा | ५५ | ३०४००० | प्रारम्भिक तथ्याङ्क |
| २ | खानेपानी अवरुद्ध भई प्रभावित घरधुरी सङ्ख्या | घरधुरी | ९६५ | ० | प्रारम्भिक तथ्याङ्क |
| ३ | क्षतिग्रस्त सिँचाइ कुलो | वटा | ४४ | २२२९०० | प्रारम्भिक तथ्याङ्क |
| ४ | क्षतिग्रस्त सिँचाइबाट प्रभावित कृषि क्षेत्रफल | हेक्टर | ५९० | ० | प्रारम्भिक तथ्याङ्क |
| ५ | क्षतिग्रस्त/ठप्प जलविद्युत आयोजना सङ्ख्या (नाम, क्षमता उल्लेख गर्ने) | वटा (मे.वा.) | | | सङ्घीय सरकारको कार्यक्षेत्रभित्र पर्ने |
| ६ | क्षतिग्रस्त विद्युत प्रसारण/वितरण लाइन | किमी | | | सङ्घीय सरकारको कार्यक्षेत्रभित्र |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | पर्ने |
| ७ | विद्युत सेवा अवरुद्ध भई प्रभावित घरधुरी सङ्ख्या | घरधुरी | | | सङ्घीय सरकारको कार्यक्षेत्रभित्र पर्ने |
| ८ | जलस्रोत तथा सिँचाइ विकास डि. कार्यालय, नुवाकोट | वटा | १ | | |

## २.११. कृषि तथा पशुपन्छी क्षेत्रको क्षतिको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | कृषि पशुपन्छी वन तथा वातावरण मन्त्रालय (कृषि तथा पशुपन्छी तर्फ) |
| **प्रभावित जिल्ला / स्थानीय तह** | नुवाकोट (विदुर न.पा, बेलकोटगढी न.पा, तार्केश्वर गा.पा, किस्पाङ्ग गा.पा) रसुवा (गोसाईकुण्ड गा.पा, उत्तरगया गा.पा), धादिङ (गल्छी, गजुरी, सिद्धलेक, वेनिघाट रोराङ गा.पा) |
| **तथ्याङ्क स्रोत** | कृषि विकास कार्यालय (नुवाकोट, धादिङ), पशु सेवा कार्यालय (नुवाकोट, धादिङ) |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः आविश्कार पौडेल पदः बालि विकास अधिकृत<br>सम्पर्क नम्बरः ९८६०६३९३२८, इमेलःpaudelaabishkar@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाढी/डुबानबाट क्षतिग्रस्त कृषि भूमि क्षेत्रफल (हे.) | हेक्टर | ९७३.०६९ | ० | |
| २ | नष्ट भएको बाली (धान/मकै/तरकारी आदि) क्षेत्रफल | हेक्टर | ४७०.७२९ | ८३२४७ | |
| ३ | बगेको/क्षतिग्रस्त उब्जनी/भण्डारण गोदाम | वटा | ० | ० | |
| ४ | मृत्यु भएका ठूला पशु (गाई/भैंसी आदि) | वटा | ७०२ | ७०२०० | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | |
| ५ | मृत्यु भएका साना पशु (बाखा/भेडा/सुँगुर आदि) सङ्ख्या | वटा | २१२३ | ४२१५० | |
| ६ | मृत्यु भएका कुखुरा/पन्छी सङ्ख्या | वटा | १३३६२६ | ६६८१३ | |
| ७ | क्षतिग्रस्त गोठ/खोर/पोल्ट्री फार्म/माछा फार्म/मौरी फर्म सङ्ख्या | वटा | १६२ | २३५३० | |
| ८ | क्षतिग्रस्त कृषि औजार/यन्त्र/उपकरण | वटा | ० | ० | |
| ९ | बागवानी विकास केन्द्र, नुवाकोट | वटा | १ | | |
| १० | कृषि विकास कार्यालय, नुवाकोट | वटा | १ | | |

## २.१२. सार्वजनिक तथा निजी सवारी साधनमा पुगेको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | उद्योग,पर्यटन,श्रम तथा यातायात मन्त्रालय (श्रम,रोजगार तथा यातायात क्षेत्र) |
| **प्रभावित जिल्ला / स्थानीय तह** | रसुवा, नुवाकोट, धादिङ |
| **तथ्याङ्क स्रोत** | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र सामी परियोजना |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः भरत शर्मा पदः शाखा अधिकृत<br>सम्पर्क नम्बरः ९८४९६३५०६२ इमेलः |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | तथ्याङ्क स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्ण रूपमा क्षतिग्रस्त/बगेका सार्वजनिक सवारी साधन (बस/माइक्रो/ट्रक) सङ्ख्या | वटा | • बस ४०<br>• माइक्रोबस ९<br>• ट्रक २७<br>• मिनिट्रक १<br>• ट्रिपर ७ | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको मिति २०८३/५/३० को वेबसाइट | बेपत्ता भएका |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | तथ्याङ्क स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| २ | आंशिक रूपमा क्षतिग्रस्त सार्वजनिक सवारी साधन सङ्ख्या | वटा | ० | | |
| ३ | पूर्ण रूपमा क्षतिग्रस्त/बगेका निजी सवारी साधन (कार/जीप/भ्यान) सङ्ख्या | वटा | • जिप २<br>• सुमो १ | | बेपत्ता भएका |
| ४ | क्षतिग्रस्त मोटरसाइकल/स्कुटर सङ्ख्या | वटा | ० | | |
| ५ | क्षतिग्रस्त/बगेका भारी निर्माण उपकरण (डोजर/लोडर/ट्र्याक्टर) सङ्ख्या | वटा | ० | | |
| ६ | क्षतिग्रस्त पार्किङ स्थल/बस पार्क/गुड्स स्टेसन सङ्ख्या | वटा | ० | | |
| ७ | सवारी साधन क्षतिबाट प्रत्यक्ष प्रभावित यातायात व्यवसायी/चालक सङ्ख्या | जना | • व्यवसायी/चालक/सहचालक २९७ जना बेपत्ता<br>• एउटामा २२ र अर्कोमा २५ गरी २ वटा बसका ४७ जना तीर्थयात्री बेपत्ता | | बेपत्ता भएका |
| ८ | उद्धार गरिएका सवारी साधन सङ्ख्या | वटा | ० | | |
| ९ | हाल पनि बाढी/पहिरोमा फसिरहेका सवारी साधन सङ्ख्या | वटा | ० | | |
| १० | कन्टेनर | वटा | १०३ | | बेपत्ता |
| ११ | मृत्यु | जना | सवारी चालक १ जना | | |
| १२ | मृत्यु | सङ्ख्या | सामी परियोजना अन्तर्गत गोसाईकुण्ड गा.पा. मा कार्यरत | प्रदेश कार्यक्रम संयोजक | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | तथ्याङ्क स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | १ जना स्थानीय सम्पर्क व्यक्ति | | |

## २.१३. वन, वातावरण तथा भू-संरक्षण क्षेत्रको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट र धादिङ |
| **तथ्याङ्क स्रोत** | डिभिजन वन कार्यालय रसुवा, नुवाकोट र धादिङ र भू-तथा जलाधार व्यवस्थापन कार्यालय नुवाकोट र धादिङ |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः भुमिश्वर महतो पदः शाखा अधिकृत<br>सम्पर्क नम्बर:९८४५३२७००७ इमेल:bhumishwor७००७@gmail.com |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | डिभिजन वन कार्यालय रसुवा, नुवाकोट र धादिङ तर्फ | | | | |
| १ | पहिरो/बाढीबाट क्षतिग्रस्त वन क्षेत्रफल | हेक्टर | ११०.५६ | ० | नुवाकोट र धादिङ |
| २ | क्षतिग्रस्त संरक्षित क्षेत्र/राष्ट्रिय निकुञ्ज/आरक्षको पूर्वाधार सङ्ख्या | वटा | ० | ० | |
| ३ | मृत्यु/क्षति भएका वन्यजन्तु सङ्ख्या | थान | ० | ० | |
| ४ | क्षतिग्रस्त पहिरो नियन्त्रण संरचना/ग्याबियन/तटबन्ध सङ्ख्या | वटा/किमी | ०.३ km/ १५ ग्यावियन | ० | धादिङ |
| ५ | नयाँ देखिएको/चिन्ताजनक पहिरो-बाँध वा हिमताल (Landslide dam/GLOF जोखिम) सङ्ख्या | स्थान | ० | ० | |
| ६ | क्षतिग्रस्त सामुदायिक वन कार्यालय/नर्सरी सङ्ख्या | वटा | १ | ० | धादिङ |

| क्र.सं. | सूचक / विवरण | | एकाइ | परिमाण | अनुमानित क्षति (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | नदी कटान/भू-क्षयबाट प्रभावित क्षेत्रफल | | हेक्टर | १.५ | ० | धादिङ |
| ८ | कार्बन स्टक/बायोमास क्षति | रुख | सङ्ख्या | ४६०४२ | ० | नुवाकोट |
| | | आयतन | घ.मि. | १३,३२६.८८ | ० | नुवाकोट |
| | | कार्बन स्टक | टन | ४२२१.६९ | ० | नुवाकोट |
| ९ | काठ | | क्यू.फि. | ५७१.७५ | १२५.१६४ | रसुवा |
| १० | दाउरा | | चट्टा | २.५ | २० | रसुवा |
| भू-तथा जलाधार कार्यालय नुवाकोट र धादिङ तर्फ | | | | | | |
| ११ | क्षतिग्रस्त पहिरो नियन्त्रण/संरचना/ग्यावियन तथा नदी नियन्त्रण संरचनाको विवरण | | वटा/ कि.मि. | २४ | १५३९०.२१३ | |
| १२ | नयाँ देखिएको चिन्ताजनक पहिरो, गल्छी, बाँध वा हिमताल सङ्ख्या | | स्थान/वटा | ५४ | ३१०००.००० | |
| १३ | नदी कटान भू-क्षय बाट प्रभावित क्षेत्र | | हेक्टर | १५ | ० | |

**ग. अन्य सान्दर्भिक विवरणः**

**थप पहिरो/बाढीको जोखिम रहेका हटस्पट स्थानको सूची**

१. बेत्रावती
२. तुप्चे
३. तितिर भिर
४. गेर्छु
५. सिमुचौर
६. बट्टार क्षेत्र
७. दर्शनटार, तार्केश्वर ४
८. तारुका, तारकेश्वर - २

**कार्बन स्टक/बायोमास क्षति**

९२२ गोटा रुख पोलहरू (साल, खयर, सिसौ, सिमल, जामुन, आदि जातका) क्षति भएको।

**जलवायु परिवर्तन सम्बन्धी दीर्घकालीन जोखिमः**

१. भोटेकोशी नदीमा आएको बाढीबाट नदीको धार परिवर्तन तथा नदी कटान बढेको र नदीको पिँधमा गेग्रान तथा ढुंगा-माटो थुप्रिई नदीको सतह उकासिएको हुँदा आगामी दिनमा चरम वर्षा तथा बाढीका घटना दोहोरिएमा नदी तटीय क्षेत्र डुबान तथा आसपासका वन क्षेत्र र संरक्षण संरचना तथा सार्वजनिक पूर्वाधारमा थप क्षति पुग्न सक्ने।

२. जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, वर्षाको अनियमितता तथा चरम मौसमी घटनामा वृद्धि भई बन डढेलो, खडेरी, बाढी-पहिरो, नदी कटान तथा भू-क्षयको जोखिम बढ्नुका साथै बन, जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा दीर्घकालीन प्रतिकूल असर पर्न सक्ने।

३. ठूला नदीहरू त्रिशूली तथा बुढीगण्डकीका किनारमा रहेका बस्ती तथा वन क्षेत्र पर्ने हुनाले जलवायु परिवर्तनको दीर्घकालीन जोखिम रहेको

## २.१४. सञ्चार तथा सूचना प्रविधि क्षेत्रको क्षतिको विवरण

**क. सामान्य विवरण**

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | सञ्चार रजिस्ट्रारको कार्यालय |
| **प्रभावित जिल्ला / स्थानीय तह** | रसुवा, नुवाकोट र धादिङ |
| **तथ्याङ्क स्रोत** | प्रदेश सञ्चार रजिस्ट्रारको कार्यालय |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः रत्ना कुमारी घिसिङ पदः शाखा अधिकृत |

**ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण**

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | **क्षतिग्रस्त मोबाइल/टेलिफोन टावर सङ्ख्या**<br>**नेपाल टेलिकम :**<br>कुल १२० वटा बिटिएस टावर<br>**एनसेल :**<br>कुल ७८ वटा बिटिएस टावर | वटा | १९८ | अनुमानित ४० देखि ४२ करोड सम्मको क्षति | विस्तृत विवरण सङ्कलनको क्रममा |
| २ | सञ्चार सेवा पूर्ण अवरुद्ध भएका जिल्ला सङ्ख्या | वटा | ३ | ० | रसुवा, नुवाकोट, धादिङ |
| ३ | क्षतिग्रस्त इन्टरनेट/अप्टिकल फाइबर | किमी | ० | ० | |

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | लाइन लम्बाइ | | | | |
| ४ | क्षतिग्रस्त रेडियो/एफएम प्रसारण केन्द्र सङ्ख्या | वटा | ० | ० | |
| ५ | क्षतिग्रस्त टेलिभिजन प्रसारण/रिपिटर स्टेशन सङ्ख्या | वटा | ० | ० | |
| ६ | सेवाबाट वञ्चित हुने अनुमानित ग्राहक सङ्ख्या | जना | ० | ० | |
| ७ | **हालसम्म पुनर्स्थापना भएका टावर/लाइन सङ्ख्या** नेपाल टेलिकमको ११७ तथा एनसेलको ७६ टा बिटिएस टावर सञ्चालनमा आएको | वटा | १९३ | ० | भैरुम माध्यमिक विद्यालय बिदुर ८, चन्द्रज्योति माध्यमिक विद्यालय बिदुर ५ पिपलटार र त्रिशूली होल्डिङ सेन्टरमा निःशुल्क वाइफाइ सेवा सञ्चालनमा रहेको |
| ८ | स्याटेलाइट सञ्चार उपकरण | वटा | ३० | ० | दूरसञ्चार सङ्घ (आइटियू)बाट प्राप्त २० थान र एनसेलबाट प्राप्त १० थान गरी कुल ३० थान स्याटेलाइट फोन राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गरिएको। |
| ९ | हाल सम्म सम्पर्कविहीन पत्रकारको सङ्ख्या | जना | ४ | ० | |
| १० | हाल सम्म मृत्यु भएका पत्रकारको सङ्ख्या | जना | २ | ० | |

## २.१५. बैङ्क, वित्तीय संस्था तथा सहकारी क्षेत्रको क्षतिको विवरण

### क. सामान्य विवरण

| | |
|---|---|
| **मन्त्रालय / निकायको नाम** | *आर्थिक मामिला तथा योजना मन्त्रालय* |
| **प्रभावित जिल्ला** | रसुवा, नुवाकोट, धादिङ |
| **तथ्याङ्क स्रोत** | नेपाल बैङ्कर्स सङ्घ, सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, सहकारी क्षेत्र |
| **जिम्मेवार सम्पर्क अधिकारी** | नामः इन्द्र राज संज्याल पदः शाखा अधिकृत<br>सम्पर्क नम्बर:९८४८३१०५९९<br>इमेल:indratufan२@gmail.com |

### ख. क्षति तथा नोक्सानीको तथ्याङ्कीय विवरण

| क्र.सं. | सूचक / विवरण | एकाइ | परिमाण | अनुमानित क्षति (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षतिग्रस्त बैङ्क शाखा/काउन्टर सङ्ख्या | वटा | १७ | ७२ करोड ४० लाख भन्दा बढी | १२ वाणिज्य बैङ्कका १७ शाखा |
| २ | क्षतिग्रस्त एटीएम सङ्ख्या | वटा | ९ | | |
| ३ | क्षतिग्रस्त सहकारी संस्थाको कार्यालय भवन सङ्ख्या | वटा | ४ | | बागमती प्रदेश सहकारी रजिष्टारको कार्यालय सानेपा |
| ४ | अभिलेख/कागजात नष्ट भएका शाखा/सहकारी सङ्ख्या | वटा | ३ | | बागमती प्रदेश सहकारी रजिष्टारको कार्यालय सानेपा |
| ५ | प्रारम्भिक बीमा दाबी दर्ता भएका प्रतिष्ठान सङ्ख्या | वटा | यकिन हुन बाँकी | | बीमा दाबी प्रक्रिया जारी |
| ६ | ऋण मिनाहा/पुनर्तालिकीकरण आवश्यक हुन सक्ने अनुमानित ऋणी सङ्ख्या | जना/खाता | २१२५ कर्जा खाता | २ अर्ब ४२ करोड ८० लाख भन्दा बढी | कर्जा रकम जोखिममा/मिनाहा सङ्ख्या यकिन नभएको |
| ७ | हाल बन्द रहेका शाखा/सहकारी संस्था सङ्ख्या | वटा | | | |

# परिच्छेद ३ः निष्कर्ष, सिकाइ तथा आगामी कार्ययोजना

## ३.१. प्रमुख निष्कर्ष

ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको बाढीले मानवीय क्षतिका साथै आवास, सार्वजनिक पूर्वाधार, सामाजिक सेवा, उत्पादन र जीविकोपार्जनमा गम्भीर प्रभाव पारेको छ। सडक तथा पुलमा भएको क्षतिले आवागमन र आपूर्ति प्रभावित गरेको छ भने स्वास्थ्य संस्था, विद्यालय, खानेपानी तथा सिँचाइ संरचनामा भएको क्षतिले आधारभूत सेवा र आर्थिक गतिविधिको निरन्तरतामा कठिनाइ उत्पन्न गरेको छ।

प्रतिकार्यका क्रममा विभिन्न निकायबाट खोज तथा उद्धार, उपचार, राहत वितरण, अस्थायी आश्रय र सेवा पुनः सञ्चालनका कार्य भएका छन्। तथापि, अस्थायी रूपमा उपलब्ध गराइएका सेवाको निरन्तरता, सुरक्षित बसोबास, पठनपाठन, मनोसामाजिक सहयोग र जीविकोपार्जन पुनर्स्थापनाका आवश्यकता कायम छन्। प्रभावित नागरिकको तत्काल आवश्यकता र दीर्घकालीन पुनर्स्थापनालाई परस्पर जोडेर अघि बढाउनुपर्ने देखिन्छ।

सम्बन्धित निकायबाट प्राप्त विवरणले क्षतिको विषयक्षेत्रगत अवस्था देखाए पनि केही तथ्याङ्कको मिलान र आर्थिक मूल्याङ्कन पूरा हुन बाँकी छ। त्यसैले प्रस्तुत प्रतिवेदनलाई प्रारम्भिक निर्णय तथा प्राथमिकता निर्धारणको आधारका रूपमा उपयोग गर्दै प्रमाणित विवरणका आधारमा अद्यावधिक गर्नुपर्नेछ।

## ३.२. प्रतिवेदन तथा प्रतिकार्यबाट प्राप्त मुख्य सिकाइ

**क. तथ्याङ्कको साझा आधार आवश्यक छ।** फरक निकायबाट प्राप्त विवरणमा मिति, एकाइ, भौगोलिक सीमा र सूचकको परिभाषा फरक हुँदा एकीकरणमा कठिनाइ हुन गयो। आगामी प्रतिवेदनमा साझा ढाँचा, स्पष्ट परिभाषा, स्रोत र अद्यावधिक समय अनिवार्य राख्नु आवश्यक छ। एउटै व्यक्ति, परिवार वा संरचनाको दोहोरो गणना हटाउन पहिचान खुल्ने अभिलेख व्यवस्थित गर्नुपर्ने देखिएको छ।

**ख. अत्यावश्यक सेवाका वैकल्पिक व्यवस्था पूर्वतयारीमै समावेश गर्नुपर्छ।** सडक, पुल, खानेपानी, सञ्चार तथा स्वास्थ्य संरचनामा एकैसाथ क्षति हुँदा उद्धार र सेवा प्रवाह प्रभावित भएको छ। वैकल्पिक पहुँच, सञ्चार, विद्युत् आपूर्ति, खानेपानी र उपचारको व्यवस्था पूर्वतयारी योजनामा स्पष्ट राख्नुपर्ने देखिएको छ।

**ग. अस्थायी आश्रयसँग आधारभूत सेवा जोडिनुपर्छ।** आश्रयस्थल व्यवस्थापनमा बसोबाससँगै सुरक्षित खानेपानी, शौचालय, स्वास्थ्य सेवा, पोषण, गोपनीयता, सुरक्षा र मनोसामाजिक सहयोग आवश्यक हुन्छ। त्यहाँ रहेका व्यक्तिको विवरण र आवश्यकताको नियमित अद्यावधिक गर्नुपर्ने अवस्था छ।

**घ. विशेष सहयोग आवश्यक पर्ने समूहको आवश्यकता अलग पहिचान गर्नुपर्छ।** बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको आवश्यकता सामान्य राहतबाट मात्र पूरा

नहुन सक्छ। संरक्षण, पहुँच, उपचार, सहायक सामग्री, शिक्षा र परामर्शका लागि समूहअनुसारको व्यवस्था आवश्यक छ।

**ङ. जीविकोपार्जन पुनर्स्थापना राहतसँगै अघि बढाउनुपर्छ।** बाली, पशुधन, उद्योग, पसल तथा सेवामा भएको क्षतिले परिवारको आय घटाउँछ। खाद्यान्न तथा अस्थायी सहयोगसँगै उत्पादन पुनः सुरु गर्ने साधन, बजार पहुँच, सीप र रोजगारीसम्बन्धी सहयोग आवश्यक हुन्छ।

**च. पुनर्निर्माणअघि जोखिम परीक्षण आवश्यक छ।** नदी कटान, धार परिवर्तन र गेग्रान थुप्रिएको स्थानमा पहिलेको संरचना उही ठाउँमा पुनः निर्माण गर्दा जोखिम कायम रहन सक्छ। सुरक्षित स्थान, प्राविधिक डिजाइन र जोखिम न्यूनीकरणका उपायका आधारमा पुनर्निर्माण गर्नुपर्नेछ।

**छ. समन्वयसँगै जिम्मेवारी र प्रगति स्पष्ट हुनुपर्छ।** विभिन्न निकायको सहभागितालाई प्रभावकारी बनाउन कसले, कहाँ, के काम गर्ने र कहिलेसम्म गर्ने भन्ने स्पष्ट हुनुपर्छ। राहत, सेवा पुनः सञ्चालन र पुनर्निर्माणको प्रगति साझा रूपमा अभिलेख र समीक्षा गर्नुपर्नेछ।

## ३.३. आगामी कार्यका प्राथमिकता

**३.३.१. नागरिकको सुरक्षा तथा आधारभूत सेवाः** प्रभावित परिवारको अवस्था परीक्षण गरी आवश्यक राहत र सुरक्षित आश्रय सुनिश्चित गर्ने। खानेपानी, सरसफाइ, स्वास्थ्य, पोषण र मनोसामाजिक सेवाको निरन्तरता कायम गर्ने। थप जोखिम भएका स्थान पहिचान गरी आवश्यक सूचना, अनुगमन र सुरक्षित स्थानमा सार्ने व्यवस्थाको तयारी गर्ने।

**३.३.२. शिक्षा तथा सामाजिक संरक्षणः** प्रभावित विद्यार्थीको पठनपाठन निरन्तर गर्न अस्थायी सिकाइ स्थान, शैक्षिक सामग्री र आवश्यक शिक्षक व्यवस्थापन गर्ने। अभिभावक गुमाएका तथा जोखिममा रहेका बालबालिकाको संरक्षण र नियमित अनुगमन गर्ने। विशेष सहयोग आवश्यक पर्ने व्यक्तिको विवरणका आधारमा सम्बन्धित सेवा उपलब्ध गराउने।

**३.३.३. पूर्वाधार तथा सेवा पुनर्स्थापनाः** सडक, पुल, स्वास्थ्य संस्था, विद्यालय, खानेपानी, सिँचाइ, विद्युत् र सञ्चार संरचनाको प्राविधिक परीक्षण गर्ने। सेवा पहुँच र लाभग्राहीको आवश्यकताका आधारमा मर्मत तथा पुनर्निर्माणको प्राथमिकता निर्धारण गर्ने। अस्थायी संरचनाको सुरक्षित सञ्चालन र नियमित अनुगमन गर्ने।

**३.३.४. जीविकोपार्जन तथा आर्थिक गतिविधिः** प्रभावित कृषक, पशुपालक, श्रमिक, उद्योगी तथा व्यवसायीको आवश्यकता पहिचान गर्ने। उपलब्ध स्रोत र स्वीकृत कार्यक्रमका आधारमा उत्पादन सामग्री, पशु स्वास्थ्य, कृषि भूमि सुधार, सीप तथा आयआर्जनसम्बन्धी सहयोग अघि बढाउने। प्रभावित बैंक तथा सहकारीको सेवा र अभिलेख पुनर्स्थापनामा समन्वय गर्ने।

## ३.४. प्रस्तावित कार्ययोजना

| क्र.सं. | प्रमुख कार्य | प्रस्तावित नेतृत्व तथा समन्वय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १ | राहत, सुरक्षित आश्रय, खानेपानी, सरसफाइ, उपचार तथा मनोसामाजिक सेवाको अपुग आवश्यकता पूरा गर्ने | स्थानीय तह, सम्बन्धित विषयगत निकाय तथा सहयोगी संस्था | तत्काल तथा निरन्तर | आधारभूत सेवाको पहुँच र निरन्तरता |
| २ | क्षतिग्रस्त आवास तथा सार्वजनिक पूर्वाधारको प्राविधिक परीक्षण र विस्तृत लागत अनुमान | सम्बन्धित विषयगत मन्त्रालय तथा संरचनाका जिम्मेवार निकाय | ३० दिनभित्र प्रारम्भिक मूल्याङ्कन | मर्मत, पुनर्निर्माण वा स्थान परिवर्तनको प्राथमिकतासहित सूची |
| ३ | प्रभावित विद्यार्थीको पठनपाठन र जोखिममा रहेका बालबालिकाको संरक्षणको व्यवस्था | शिक्षा तथा सामाजिक संरक्षणसम्बन्धी जिम्मेवार निकाय र स्थानीय तह | १५ दिनभित्र व्यवस्था; निरन्तर अनुगमन | शिक्षा निरन्तरता तथा संरक्षण योजना |
| ४ | अवरुद्ध पहुँच र अत्यावश्यक सेवा पुनः सञ्चालनको कार्यतालिका तयार गरी काम अघि बढाउने | पूर्वाधार, खानेपानी, ऊर्जा तथा सञ्चारसम्बन्धी जिम्मेवार निकाय | १५ दिनभित्र कार्यतालिका; कामअनुसार चरणबद्ध कार्यान्वयन | स्थानगत प्रगति र बाँकी कामको विवरण |
| ५ | कृषि, पशुपालन, उद्योग, व्यापार तथा पर्यटनको पुनर्स्थापना कार्यक्रम तयार गर्ने | सम्बन्धित विषयगत मन्त्रालय, स्थानीय तह तथा आर्थिक मामिला तथा योजना मन्त्रालय | ३० दिनभित्र | लाभग्राही, लागत र स्रोतसहितको प्रस्ताव |
| ६ | जोखिम भएका बस्ती तथा नदी तटीय क्षेत्रको परीक्षण र सुरक्षित पुनर्स्थापनाको विकल्प पहिचान | सम्बन्धित प्राविधिक निकाय, स्थानीय तह तथा विपद् व्यवस्थापन निकाय | ३० दिनभित्र प्राथमिक क्षेत्र पहिचान | जोखिम स्थान तथा सुरक्षित विकल्पको विवरण |
| ७ | एकीकृत पुनर्स्थापना तथा पुनर्निर्माण योजना र स्रोत परिचालन प्रस्ताव तयार गर्ने | प्रदेश नीति तथा योजना आयोगको समन्वयमा सम्बन्धित मन्त्रालयहरू | प्रारम्भिक मूल्याङ्कन प्राप्त भएपछि १५ दिनभित्र | जिम्मेवारी, बजेट र समयसीमासहितको योजना |

## ३.५. स्रोत परिचालन तथा अनुगमन

राहत र पुनर्स्थापनाका लागि प्रदेश सरकारको उपलब्ध बजेट तथा विपद् व्यवस्थापनसम्बन्धी स्रोतको अवस्था परीक्षण गरी प्राथमिक आवश्यकतामा परिचालन गर्नुपर्नेछ। थप स्रोत आवश्यक पर्ने कार्यका लागि विस्तृत आवश्यकता र लागतका आधारमा नेपाल सरकार, स्थानीय तह तथा सहयोगी निकायसँग समन्वय गर्नुपर्नेछ। स्रोत माग गर्दा राहत, सेवा पुनः सञ्चालन र दीर्घकालीन पुनर्निर्माणको आवश्यकता अलग प्रस्तुत गरिनेछ।

राहत तथा सहयोगको विवरणमा निकाय, लाभग्राही, स्थान, परिमाण र मिति खुल्ने अभिलेख राख्ने व्यवस्था गरिनेछ। एउटै परिवार वा कार्यमा सहयोग दोहोरिन नदिन र कुनै प्रभावित परिवार छुट्न नदिन स्थानीय तह तथा सम्बन्धित निकायसँग विवरण मिलान गरिनेछ।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायबाट नियमित प्रगति प्राप्त गरी एकीकृत समीक्षा गर्ने व्यवस्था मिलाउनेछ। प्रगतिमा सम्पन्न काम, बाँकी आवश्यकता, खर्च, अवरोध र निर्णय आवश्यक पर्ने विषय स्पष्ट राखिनेछ। प्रमाणित विवरण प्राप्त हुँदै जाँदा प्रस्तुत प्रतिवेदन अद्यावधिक गरिनेछ।

## ३.६. निष्कर्ष

बाढीबाट प्रभावित नागरिकको सुरक्षा, आधारभूत सेवा र जीविकोपार्जन पुनर्स्थापना प्रदेश सरकारको तत्काल प्राथमिकता हुनुपर्छ। यसका लागि उपलब्ध विवरणका आधारमा आवश्यक सेवा र राहतलाई निरन्तरता दिँदै प्रमाणित तथ्याङ्क, प्राविधिक मूल्याङ्कन र स्पष्ट जिम्मेवारीका आधारमा पुनर्स्थापना तथा पुनर्निर्माण अघि बढाउन आवश्यक छ। तीनै तहका सरकार, सुरक्षा निकाय, समुदाय र सहयोगी संस्थाबीचको समन्वयबाट प्रभावित परिवारलाई सामान्य जीवनमा फर्काउने र भविष्यको जोखिम कम गर्ने कार्य सँगसँगै अघि बढाउनुपर्नेछ।

## अनुसूची : प्रतिवेदन तयारीमा संलग्न पदाधिकारी तथा कर्मचारीहरू

| क्र.सं. | नाम | पद | मन्त्रालय, निकाय वा संस्था |
|---|---|---|---|
| १. | श्री महेश भट्टराई | प्रदेश सचिव | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| २. | श्री अनिता तामाङ | उपसचिव | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ३. | श्री उमेश कुमार दाहाल | उपसचिव | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ४. | श्री हेम राज संज्याल | शाखा अधिकृत | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ५. | श्री विकास अधिकारी | स.प्र.स.ह | प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, हेटौंडा |
| ६. | श्री दिनेश रुपाखेती | प्रमुख | प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ७. | श्री उपेन्द्र राई | शाखा अधिकृत | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| ८. | श्री देवराज कपाडी | शिक्षा अधिकृत | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| ९. | श्री यज्ञ राज अधिकारी | शाखा अधिकृत | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| १०. | श्री नवराज थापा | वरिष्ठ वन अधिकृत | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| ११. | श्री रामचन्द्र गौतम | इन्जिनियर | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १२. | श्री विजय श्रेष्ठ | इन्जिनियर | खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय |
| १३. | श्री आविश्कार पौडेल | बालि विकास अधिकृत | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय |
| १४. | श्री भरत शर्मा | शाखा अधिकृत | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| १५. | श्री भुमिश्वर महतो | शाखा अधिकृत | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय |
| १६. | श्री रत्न कुमारी घिसिङ | शाखा अधिकृत | सञ्चार रजिस्ट्रारको कार्यालय |
| १७. | श्री इन्द्र राज संज्याल | शाखा अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय |